संङ्घीय संसद
प्रतिनिधि सभा

# राष्ट्रिय सभामा उत्पत्ति भई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित उक्त सभाबाट पारित भएको भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट गठित उपसमितिको प्रतिवेदन, २०८१

(उपसमितिबाट पारित मितिः २०८१/०९/०१)

सङ्घीय संसद सचिवालय
सिंहदरबार, काठमाण्डौ ।

सङ्घीय संसद

## प्रतिनिधि सभा

# राज्य व्यवस्था तथा सुशासन समिति

## राष्ट्रिय सभामा उत्पत्ति भई विधायन व्यवस्थापन समितिको प्रतिवेदन सहित उक्त सभाबाट पारित भएको भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक सम्बन्धमा राज्य व्यवस्था तथा सुशासन समितिबाट गठित उपसमितिको प्रतिवेदन

१. भ्रष्टाचार निवारण ऐन, २०५९ लाई संशोधन गर्न बनेको विधेयक (यस पछि "विधेयक" भनिएको) को दफा १ को उपदफा (१) मा राष्ट्रिय सभाको विधायन व्यवस्थापन समितिको प्रतिवेदन (यस पछि "प्रतिवेदन" भनिएको) बाट संशोधन गरी कायम गरिएको "२०७७" भन्ने अङ्कहरुको सट्टा "२०८१" भन्ने अङ्कहरु राख्ने ।

२. प्रतिवेदनको बुँदा नम्बर २ अन्तर्गत विधेयकको दफा २ बाट भ्रष्टाचार निवारण ऐन, २०५९ (यस पछि "मूल ऐन" भनिएको) मा राखिएको दफा २ को खण्ड (ग) को,-

(१) उपखण्ड (४) मा रहेका "अन्य प्राज्ञिक वा शैक्षिक संस्था" भन्ने शब्दहरुको सट्टा "अन्य संस्था" भन्ने शब्दहरु राख्ने।

(२) उपखण्ड (८) को सट्टा देहायको उपखण्ड (८) राख्नेः-

"(८) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट अनुदान प्राप्त गरी कुनै संस्थाले कार्यक्रम वा परियोजना सञ्चालन गरेकोमा त्यस्तो कार्यक्रम वा परियोजना सम्बन्धी काम कारबाहीको हदसम्म त्यस्तो संस्था,"

३. विधेयकको दफा ५ को उपदफा (२) मा रहेका "(घ५) र (घ६)" भन्ने शब्दहरुको सट्टा "(घ५), (घ६), (घ७), (घ८) र (घ९)" भन्ने शब्दहरु राखी सो उपदफाबाट मूल ऐनको दफा ८ को उपदफा (१) मा थप्न प्रस्तावित खण्ड (घ३) पछि देहायका खण्ड (घ४), (घ५) र (घ६) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(घ४) खरिद योजना स्वीकृत नगरी मेशिन, यन्त्र, उपकरण खरिद गर्ने,

(घ५) स्रोत सुनिश्चित नभई बोलपत्र आह्वान गर्ने,

(घ६) प्रचलित कानून बमोजिम बाहेक खरिद कारबाही रद्द गर्ने वा पुनः बोलपत्र आह्वान गर्ने,"

४. प्रतिवेदनको बुँदा नं ७ अन्तर्गत विधेयकको दफा ९ बाट मूल ऐनमा थप्न प्रस्तावित दफा १७क. को उपदफा (१) मा रहेका "सार्वजनिक संस्थालाई" भन्ने शब्दहरुको सट्टा "सार्वजनिक संस्था वा व्यक्तिलाई" भन्ने शब्दहरु राख्ने।

५.	विधेयकको दफा १३ बाट मूल ऐनमा थप्न प्रस्तावित दफा ३२ख. को सट्टा देहायको दफा ३२ख. राख्नेः-

"३२ख. **<u>विशेष अनुसन्धान विधि र नविन प्रविधिको प्रयोग गर्न सक्नेः</u>** अनुसन्धान अधिकारीले यस ऐन बमोजिम कसूरको अनुसन्धान गर्दा देहायका विशेष अनुसन्धान विधि र नवीन प्रविधिको प्रयोग गर्न सक्नेछः-

(क)	नियन्त्रित अनुसन्धान विधि (कन्ट्रोल डेलिभरी),

(ख)	गुप्त अनुसन्धान कारबाही (अण्डर कभर अपरेशन),

(ग)	सम्बन्धित अदालतको अनुमति लिई टेलिफोन वा सञ्चार माध्यमको विवरण प्राप्त गर्ने (इन्टरसेप्सन),

(घ)	थप प्रमाण वा सूचना प्राप्त गर्ने उद्देश्यले निरन्तर निगरानीमा राखी तत्काल पक्राउ नगर्ने (अरेष्ट वेभर),

(ङ)	सम्बन्धित अदालतको अनुमति लिई कम्प्यूटर वा अन्य विद्युतीय साधनको संरचना वा प्रणालीमा पहुँच।”

६.	विधेयकको दफा १४ बाट मूल ऐनको दफा ३३ को सट्टा राख्न प्रस्तावित दफा ३३ को उपदफा (१) पछि देहायको उपदफा (२) थपी त्यस पछिको उपदफाक्रम मिलाउनेः-

"(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसन्धान अधिकारीले कुनै व्यक्ति उपर सजायको मागदाबी नलिई बिगो असुल वा सम्पत्ति जफत गर्ने प्रयोजनको लागि मात्र प्रतिवादी बनाई मुद्दा दायर गरेकोमा त्यस्तो व्यक्ति राष्ट्रसेवक भएमा त्यसरी मुद्दा दायर भएको कारणले मात्र निज निलम्बनमा रहने छैन।"

७.	प्रतिवेदनको बुँदा नं. १० अन्तर्गत विधेयकको दफा १५ बाट मूल ऐनमा संशोधनको लागि प्रस्तावित दफा ३८ को उपदफा (१) को खण्ड (झ) पछि देहायको खण्ड (ञ) थपी त्यसपछिको खण्डक्रम मिलाउनेः-

"(ञ) सार्वजनिक संस्थाबाट निर्माण वा सञ्चालन भएका आयोजनाको आवश्यकता अनुसार प्राविधिक परीक्षण गर्ने,"

८.	विधेयकको दफा १६ र प्रतिवेदनको बुँदा नम्बर ११ झिक्ने ।